भरतपुर महानगरपालिकाको
सम्मानित सत्रौं नगरसभा २०८२ साल असार ८ गते आइतबार
महानगरपालिका उप - प्रमुख
श्री चित्रसेन अधिकारीज्यूले
प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८२/ ८३ को
# बजेट वक्तव्य

भरतपुर महानगरपालिका
२०८२

सभाका अध्यक्ष एवं नगर प्रमुखज्यू,

नगर सभाका सदस्यज्यूहरू

१. भरतपुर महानगरपालिकाको गरिमामय सत्रौं नगर अधिवेशनमा महानगरपालिकाको उप प्रमुखको हैसियतले नेपालको संविधानको धारा २३० को बमोजिम आ.व. २०८२/८३ को आय र व्यय अनुमान बजेट खाका यस सम्मानित सभामा पेश गर्न गैरहेको छु।

२. यस महत्वपूर्ण अवसरमा देशको निम्ति बलिदान गर्ने सम्पूर्ण ज्ञातअज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु। साथै संघीय शासनपद्धतिलाई आत्मसात् गर्दै राष्ट्रियता, स्वाधीनता, सामाजिक न्याय, समानता र समृद्धि प्राप्तिको लागि संघर्ष गर्नुहुने महान् नेपाली जनता र सो अभियानको सफल नेतृत्व गर्नुहुने नेपाली राजनीतिका शिखर व्यक्तित्वहरूप्रति हार्दिक सम्मानभाव व्यक्त गर्न चाहन्छु।

३. यो बजेटले महानगरपालिकाको सामाजिक, आर्थिक, सांस्कृतिक, प्रविधि, दिगो पूर्वाधार, नवप्रर्वतन एवं उद्यमशीलता तथा विपद् उत्थानशील विकासमा रणनीतिक महत्व राख्ने विश्वास लिएको छु।

४. **"मध्य नेपालको सुन्दर शहर: समृद्ध र सुसंस्कृत भरतपुर महानगर"** भन्ने मूल नारालाई आत्मसात् गर्दै स्वास्थ्य, शिक्षा, रोजगारी, कृषि उत्पादन, खानेपानी, दीगो पूर्वाधार विकास तथा प्रभावकारी सेवा प्रवाहमार्फत् सुशासन कायम गरी महानगरवासीलाई परिर्वतनको प्रत्यक्ष लाभ पुर्याउन महानगरपालिका प्रतिबद्ध रहेको जानकारी गराउन चाहन्छु।

५. नेपालको संविधान, संघीय तथा बागमती प्रदेश सरकारबाट जारी ऐन, नियमावली तथा स्थानीय सरकार सञ्चालनको मार्गदर्शनको रुपमा रहेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४; महानगरको अर्थ विधेयक,२०८२; विनियोजन विधेयक, २०८२; आ.व. २०८२।८३ को नीति तथा कार्यक्रम, संघीय तथा बागमती प्रदेश सरकारको आ.व. २०८२/८३ का नीति तथा कार्यक्रम, महानगरका विषयगत समितिका सुझावहरू, विज्ञ महानुभावका सुझावहरु, दीगो विकासका लक्ष्यहरु, नगर सभाका सदस्यज्यूहरूले दिनुभएका सुझावहरू, सञ्चारकर्मी, नागरिक समाज, राजनीतिक दलहरू, विभिन्न संघ संस्था एवं सरोकारवालाको सुझाव र महानगरबासी दिदीबहिनी तथा दाजुभाइहरूबाट प्राप्त महत्वपूर्ण सुझाबहरूलाई समेत समेटी आ. व. २०८२/८३ को नीति कार्यान्वयन गर्ने औजारको रुपमा यो बजेट रहनेछ।

६. अव म भरतपुर महानगरपालिकाको वर्तमान वित्तीय अवस्थाको संक्षिप्त जानकारी प्रस्तुत गर्ने अनुमति चाहन्छु। चालु आ. व. २०८१।८२ को लागि कुल बजेट रु ५ अर्व ४६ करोड १ लाख ४२ हजार (पूरक बजेट तथा जेष्ठ मसान्तसम्मको थप अख्तियारी समेत) अनुमान गरिएको छ।जसमध्ये चालु शीर्षकमा रु २ अर्व ७३ करोड ५२ लाख ६२ हजार विनियोजन

भएकोमा मिति २०८२ जेष्ठ मसान्तसम्म रु १ अर्व ८७ करोड ५५ लाख ९५ हजार अर्थात ६९ प्रतिशत र पुँजीगततर्फ रु २ अर्व ७२ करोड ४८ लाख ८० हजार विनियोजन भएकोमा जेष्ठ मसान्तसम्म रु १ अर्व ३ करोड १६ लाख २ हजार अर्थात ३८ प्रतिशत गरी कुल खर्च जम्मा रु २ अर्ब ९० करोड ७१ लाख अर्थात ५३ प्रतिशत रहेको अवस्था छ।

७. आन्तरिक आम्दानीतर्फ रु १ अर्व ८० करोडको लक्ष्य रहेकोमा मिति २०८२ जेष्ठ मसान्तसम्म रु १ अर्व १५ करोड १ लाख अर्थात ६४ प्रतिशत आम्दानी भएको छ। साथै संघीय तथा बागमती प्रदेशबाट प्रक्षेपित समानिकरण अनुदान रु ३७ करोड ६ लाख र रु ४ करोड ८१ लाख मध्ये जेष्ठ मसान्तसम्म क्रमश: रु ३४ करोड र रु ३ करोड ६१ लाख आम्दानी प्राप्त भएको जानकारी गराउन चाहान्छु।

८. त्यस्तै संघीय सरकारबाट राजस्व बाँडफाँड शीर्षकमा प्रक्षेपित रु ३२ करोड ४६ लाख ९९ हजार रहेकोमा जेष्ठ मसान्तसम्म रु २५ करोड २२ लाख तथा बागमती प्रदेशबाट प्रक्षेपित रु २५ करोड ७५ लाख ६७ हजार मध्ये जेष्ठ मसान्तसम्म १९ करोड २३ लाख अर्थात क्रमश: ७८ र ७५ प्रतिशत प्राप्त भएको अवस्था छ।

९. वि.स. २०८२ आषाढ मसान्तसम्म संशोधित अनुमानमा आन्तरिक आम्दानीतर्फ घरजग्गा रजिष्ट्रेसन शुल्क समेत गरी करीब रू. १ अर्व ५० करोड आम्दानी रहने अनुमान गरिएको छ। खर्चतर्फ चालु खर्च करीब रू १ अर्व ९९ करोड र पुँजिगत खर्चतर्फ करीब रू १ अर्ब ७५ करोड रहने संशोधित अनुमान छ।

१०. साथै अन्तरसरकारी अख्तियारी शीर्षकमा संघीय सरकारबाट विनियोजित रु १ अर्व ४५ करोड १ लाख भएकोमा जेष्ठ मसान्तसम्म रु १ अर्व ४ करोड ७७ लाख अर्थात ७२ प्रतिशत र बागमती प्रदेशबाट विनियोजित रु १० करोड मध्ये रु ६ करोड ८० लाख अर्थात ६८ प्रतिशत खर्च भएको छ।

११. अब म आगामी आ.व. २०८२।८३ मा प्रस्ताव गरिएको बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु। बजेटका उद्देश्यहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

क. उत्पादन वृद्धिमार्फत् आत्मनिर्भर महानगरपालिका बनाउनु

ख. आर्थिक, भौतिक एंव सामाजिक र वातावरणीय पूर्वाधार विकास गरी सुदृण महानगरमार्फत राष्ट्रको विकासमा टेवा पुऱ्याउनु

ग. गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा नगरबासीको सहज पहुँच वृद्धि गर्नु

घ. उत्पादनमूलक एंव दीगो रोजगारी सिर्जना गर्नु

ङ. दिगो तथा वातारणमैत्री एवं विपद् उत्थानशील पूर्वाधार निर्माण गर्नु

च. सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता एवं सूचना प्रविधिको प्रयोगमार्फत सुशासनको अनुभूति दिलाउनु

छ. नवप्रर्वतन तथा उद्यमशीलता प्रर्वद्धन गर्नु

ज. वित्त विश्लेषण मार्फत सुशासन कायम गर्नु

१२. आर्थिक वर्ष २०८२।८३ को बजेटका प्राथमिकताका क्षेत्रहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

१. दीगो शहरी पूर्वाधार, नियमित सडक मर्मत सम्भार र अधुरा योजनाहरुको निरन्तरता

२. कृषि तथा पशुविकास कार्यक्रम सञ्चालन

३. शिक्षा विकास, युवा तथा खेलकुद तथा स्वास्थ्य सेवा

४. वातावरण, सरसफाइ, हरियाली एवं विपद् व्यवस्थापन

५. सूचना प्रविधि तथा डिजिटल प्रणालीको उपयोग

६. रोजगार प्रर्वद्धन र उद्यमशीलता तथा नीजि क्षेत्रसँग सहकार्य तथा साझेदारी

७. पर्यटन तथा उद्योग र वाणिज्य तथा सहकारी

८. लैङ्गिक समानता, महिला सशक्तीकरण र सामाजिक समावेशीकरण

९. राजस्व प्रशासन तथा कर्मचारी प्रशासन सञ्चालन एवं व्यवस्थापन

उल्लिखित उद्देश्य एवं प्राथमिकता कार्यान्वयन गर्न नेपाल सरकार, बागमती प्रदेश सरकार, छिमेकी स्थानीय तह, निजी तथा सहकारीक्षेत्र, गैरसरकारी क्षेत्र, स्थानीय टोलविकास संस्थासँग समन्वय एवं साझेदारी गरिनेछ ।

सभाका अध्यक्ष एवं नगर सभाका सदस्यज्यूहरू,

१३. अब म महानगरको आ.व. २०८२।८३ को कुल आय व्ययको अनुमानित विवरण यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१४. महानगरपालिकाको आ.व. २०८२/८३ को प्रस्तावित नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि कुल व्यय रू. ५ अर्व १९ करोड ७१ लाख ६६ हजार रहेको छ।यसको लागि आयतर्फ आन्तरिक आय रु १ अर्व ८० करोड (घरजग्गा रजिष्ट्रेशन एवं खानी तथा खनिजजन्य पदार्थको बाँडफाँडबाट प्राप्त समेत), अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट रु २ अर्व १५ करोड ७६ लाख २५ हजार, संघ राजस्व बाँडफाँडबाट रु ३१ करोड ९१ लाख तथा बागमती प्रदेश सरकारको राजस्व बाँडफाँडबाट रु १४ करोड ४ लाख ४१ हजार गरी जम्मा रु ४५ करोड ९५ लाख ४१ हजार, जनसहभागिता/ श्रमदानबाट रु ५ करोड, बैंक मौज्दात रु ७० करोड, सडक बोर्ड नेपालबाट रु ३ करोड रहने प्रक्षेपण गरिएको छ।

१५. सामाजिक सूरक्षा लगायत अन्तरसरकारी अख्तियारी शीर्षकमा अनुमानित रु १ अर्व ३५ करोड रहने प्रक्षेपण गरिएको छ। जसलाई अन्तर सरकारी अख्तियारी शीर्षकबाट नै खर्च तथा लेखाङ्कन साथै प्रतिवेदनको प्रबन्ध गरिने छ।

१६. अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजन गरिएको बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु

*अधुरा तथा क्रमागत र बहुवर्षिय आयोजनाहरुतर्फ*

१७. चालु आ.व. मा निर्माण सम्पन्न हुन नसकेका तथा भुक्तानी बाँकीमा रहेका योजनाहरु समयमै सम्पन्न गर्नको लागि रु ६० करोड विनियोजन गरिएको छ।

१८. विगत आर्थिक वर्षमा भएका योजनाहरुको दायित्व तथा आर्थिक वर्ष २०८१।०८२ मा बहुवर्षिय ठेक्का प्रणालीबाट भएका योजनाहरुको भुक्तानीको लागि एकमुष्ट रु २४ करोड ५० लाख बजेट व्यवस्थापन गरिएको छ।

*वडास्तरबाटै सम्पन्न हुने आयोजनाहरुतर्फ*

१९. हरेक वडाको सन्तुलित विकासका लागि सम्बन्धित वडास्तरबाट कार्यक्रम कार्यान्वयन हुने व्यवस्था मिलाइने छ। यसरी कार्यान्वय हुने आयोजनाहरुको लागि प्रत्येक वडामा न्यूनतम र सुत्रमा आधारित गरी दुई विधिबाट वडास्तरीय सिलिङ निर्धारण गरिएको व्यहोरा यो सम्मानित सभालाइ जानकारी गराउदै यसले वडागत तथा समग्र महानगरपालिकाको विकासमा प्रतिस्पर्धा कायम हुने अपेक्षा राखिएको छ। वडामा न्यूनतम बजेट सिलिङ रु ३ करोड २१ लाख १८ हजार ७ सय ७ र अधिकतम रु ३ करोड ४० लाख ३३ हजार ४ सय ९२ रहेको जानकारी गराउन चाहान्छु। यसरी जम्मा वडास्तरीय आयोजनाहरुमा रु ९४ करोड ७८ लाख ७९ हजार बजेट विनियोजन गरिएको छ। यसबाट वडागत तथा विषयगत रुपमा विकासमा थप प्रतिस्प्रर्धा हुने अपेक्षा राखिएको छ।

*सहरी पूर्वाधारतर्फ*

२०. ठुला तथा रणनीतिक महत्व तथा गौरवका पूर्वाधार निर्माण गर्न एवं संघीय र बागमती प्रदेश सकारबाट प्रस्तावित समपूरक र विशेष अनुदान अन्तर्गतका योजनाहरु एवं संघ संस्था, उपभोक्तासमेत बाट साझेदारीहुने कार्यक्रमको कार्यान्वयन गर्नको लागि समपुरक साझेदारी कोष स्थापना गरिनेछ यसको कार्यान्वयनको लागि रु १४ करोड बजेट विनियोजन गरिएको छ।

२१. मेयर विपन्न आवास कार्यक्रम निरन्तरता, हरियालीसहितको नमूना सडक निर्माण, सिचाइ, कल्भर्ट, ग्राभेल, ह्युमपाइप खरिद, कलभर्ट सुधार निर्माण तथा विस्तार लगायतका शहरी सौन्दर्य

र भूउपयोग तथा वस्ती विकाससम्बन्धी कार्यक्रम कार्यान्वय गर्नको लागि रु ४ करोड ६५ लाख बजेट विनियोजन गरिएको छ।

२२. विपन्न समुदाय धारा जडानको लागि रू. ६० लाख बजेट विनियोजन गरिएको छ।

२३. नेपाल विद्युत प्राधिकरणको साझेदारीमा स्मार्ट सडकबत्ती जडान दोस्रो चरणको लागत साझेदारी गर्न रु. २ करोड १२ लाख ६२ हजार २ सय ६७ समपूरक साझेदारी कोषबाट भुक्तानीको व्यवस्था मिलाइनेछ।

२४. सडक बत्ती महसुल स्मार्ट लाइट भुक्तानीको लागि रु. ३० लाख रुपैयाँ विनियोजन गरिएको छ।

२५. महानगरपालिकाको एकीकृत सहरी विकास गुरुयोजनाको भुक्तानिको लागि रु २५ लाख बजेट विनियोजन गरिएको छ। साथै महानगरपालिकाको हाउस नम्बरीङ्ग कार्यक्रम भुक्तानिको लागि रु २ करोड बजेट व्यवस्थापन गरिएको छ।

२६. सुरक्षा निगरानी तथा ट्राफिक व्यवस्थापनको लागि सिसिटिभि जडानकार्यको भुक्तानीको लागि रु ४ करोड बजेट विनियोज गरिएको छ।

२७. महानगर पालिकामा निर्माण भएका पूर्वाधारहरूको डकुमेन्ट्री निर्माणको लागि रु. ३० लाख बजेट विनियोजन गरिएको छ।

*कृषि तथा पशुविकासतर्फ*

२८. कृषकको क्षमता अभिवृद्धि, कृषक सूचिकरण कार्यक्रम तथा एग्रो टुरिजमलाई प्रोत्साहन खेती गर्न कृषि उपकरण खरिदमा अनुदान, साथै दुध उत्पादनमा दिइँदै आएको अनुदान निरन्तरता कार्यक्रम, पशु सेवा केन्द्रको स्तरोन्ती तथा सुदृणीकरण, रेविज रोग रोगथाम तथा नियन्त्रण लगायत कृषि तथा पशुविकास कार्यक्रम कार्यान्वयन गर्न रु ९ करोड बजेट विनियोजन गरिएको छ।

*शिक्षा विकासतर्फ*

२९. गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षामा पहुँच विस्तार कार्यक्रम, शैक्षिक प्रोत्साहन कार्यक्रमलाइ निरन्तरता, श्रोत कक्षा र विशेष विद्यालयहरुको व्यवस्थापनमा गरिएको लगानिमा निरन्तरता साथै शिक्षामा पहुँच एवं गुणस्तर कायम गर्ने, विद्यालयको कक्षा घटाउने तथा विद्यालय समायोजन गर्दै दरबन्दी मिलान लगायतका शैक्षिक कार्यक्रम कार्यान्वयन गर्नको लागि रु १० करोड ५० लाख बजेट विनियोजन गरिएको छ।

३०. महानगर प्रज्ञा प्रतिष्ठानलाई महानगरपालिकाभित्र साहित्य, भाषा, कला र संस्कृतिको संरक्षण संवर्धन तथा अध्ययन, अनुसन्धानको रुपमा विकास गर्न रु ३० बजेट लाख विनियोजन गरिएको छ।

*नियमित मर्मत सम्भारतर्फ*

३१. महानगरपालिका भित्र सडक खाल्टाखुल्टी रहित बनाउने कार्यको लागि नियमित मर्मत संभारतर्फ रु ४ करोड बजेट विनियोजन गरिएको छ।

*स्वास्थ्य सेवा तर्फ*

३२. महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई भरतपुर अस्पतालबाट प्रदान गर्दै आएको निःशुल्क ओपिडि टिकट अनुदान लाई निरन्तरता दिन रू. २५ लाख बजेट व्यवस्थापन गरिएको छ।

३३. समुदायसँग मेयर स्वास्थ्य कार्यक्रम, विद्यालय तथा समुदाय स्तरमा स्वास्थ्य प्रवर्द्धन तथा स्वास्थ्य परीक्षण स्क्रिनिङ कार्यक्रम, प्रयोगशाला सेवा सञ्चालन सुदृणीकरण, आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिमा आधारित उपचार लगायतका स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गर्न रु ३ करोड विनियोजन गरिएको छ।

*खानेपानी, वातावरण सरसफाई तथा हरियाली प्रवर्द्धनतर्फ*

३४. महानगरपालिकाभित्र मासिक ७ हजार लिटरसम्म खानेपानी उपभोग गर्ने उपभोक्ताको खानेपानी महशूल भुक्तानीमा निरन्तरताको लागि बजेट व्यवस्थापन गरिएको छ।

३५. साथै, मापदण्ड पुगेका सडक दायाँबायाँ वृक्षारोपण र नगरवासीलाई बहुवर्षीय एवम् फलफूल विरुवा निशुल्क वितरण, सूचकमा आधारित वातावरणमैत्री घर टोल वडा घोषणा कायक्रम, फोहोरको प्रभावकारी संकलन, ढुवानी तथा व्यवस्थापन गर्ने लगायतका कार्यक्रम कार्यान्वयन गर्नको लागि रु ४ करोड बजेट विनियोजन गरिएको छ।

३६. प्रतिक्षालय, विश्रामस्थलको लागि रु. ५० लाख बजेट व्यवस्थापन गरिएको छ।

३७. ट्राफिक सङ्केत, ट्राफिक फर्निचर्स लगायतका कार्यका लागि रु. ५० लाख बजेट व्यवस्थापन गरिएको छ।

*सूचना तथा प्रविधि एवं डिजिटल प्रणालीतर्फ*

३८. साथै स्थानीय लोक कल्याणकारी विज्ञापन नीतिलाई निरन्तरताको बजेट विनियोजन गरिएको छ। महानगरमा हाल प्रयोगमा रहेका अनलाइन राजस्व प्रणाली, अनलाइन पेमेन्ट,अनलाइन नक्सा प्रणाली ,अनलाइन गुनासो ब्यवस्थापन अनलाइन पञ्जीकरण,डिजिटल नागरिक बडापत्र , अनलाइन खरीद प्रणाली एवं डिजिटल योजना प्रणाली, बायोमेट्रिक हाजिरी लगायतको कार्यक्रम कार्यान्वयन गर्न रु. ५० लाख विनियोजन गरिएको छ।

*रोजगार प्रर्वद्धन तथा उद्यमशीलाता विकासतर्फ*

३९. मागमा आधारित सीपमूलक तालिम, उद्यमशीलता बिकास सहयोग कार्यक्रम, युवा तथा उद्यमीहरूलाई नवीन व्यवसाय शुरु गर्न बीउपूँजी अनुदान लगायतको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु १ करोड बजेट व्यवस्थापन गरिएको छ।

*पर्यटन तथा उद्योग वाणिज्य तथा सहकारीतर्फ*

४०. पर्यटन प्रवर्द्धन कार्यक्रम निरन्तरता, एतिहासिक, धार्मिक, सांस्कृतिक एवम् प्राकृतिक सम्पदाको संरक्षण, महानगरपालिका भित्र सञ्चालित महिला उद्यमीहरुलाइ प्रोत्साहन गर्न तालिम, सीप विकास तथा प्रविधि हस्तान्त्रण लगायतका पर्यटन तथा उद्योग बाणिज्य एवं सहकारी सम्बन्धि नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि रु १ करोड बजेट व्यवस्थापन गरिएको छ।

*युवा तथा खेलकुदतर्फ*

४१. मेयर कप क्रिकेट तथा फुटवल लगायतका खेलकुदका लागि रू. ३० लाख र उपमेयर कप भलिवलका लागि रू. १२ लाख बजेट विनियोजन गरिएको छ।

४२. युवाहरुको सकारात्मक सोच विकास गर्न विविध कार्यक्रम सञ्चालन, उद्यमशीलता कार्यक्रम, कुलत र दुर्व्यसन नियन्त्रण लगायतका विषयमा परामर्श र क्षमता विकासका कार्यक्रम, युवामा स्वयंसेवक परिचालन कार्यक्रम लगायतका युवा तथा खेलकुद तर्फका नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि रु १ करोड ५० लाख बजेट विनियोजन गरिएको छ।

४३. गौतम बुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशालाको अधुरो कार्य पुरा गर्नको लागि संघीय सरकार, बागमती प्रदेश सरकार सँग साझेदारी र सहकार्य गरिनेछ जसको लागि रु ४ करोड बजेट विनियोजन गरिएको छ।

*लैङ्गिक समानता, महिला सशक्तीकरण र सामाजिक समावेशीकरणतर्फ*

४४. ***छोरीहरुको लागि बाल उमङ्ग जीवन बीमा कार्यक्रम निरन्तरता,*** संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका जनआन्दोलन तथा सबै प्रकारका आन्दोलनमा सहिद भएका तथा बेपत्ता

भएका परिवारका लागि प्रदान गर्दै आएको मासिक जीविकोपार्जन सहयोग तथा आर्थिक सहायता कार्यक्रमलाई निरन्तरता  दिनको लागि बजेट व्यवस्थापन गरिएको छ।

४५. दलित तथा गैर दलितबीचको अन्तरजातीय विवाह गर्ने जोडिलाई संरक्षण तथा सम्मान र पुरस्कार गर्ने कार्यलाइ निरन्तरता, बालमैत्री वडाहरु घोषणा हुन बाँकी वडाहरु बालमैत्री वडा घोषणा कार्यक्रम गर्ने लगायतका नीति तथा कार्यक्रम कार्यान्वयनको लागि रु १ करोड ५० लाख बजेट व्यवस्थापन गरिएको छ।

४६. महिला शसक्तीकरण तथा क्षमता विकास मागमा आधारित तालिमको लागि रु. ५० लाख विनियोजन गरिएको छ।

*विपद् व्यवस्थापनतर्फ*

४७. महानगरपालिकाको विपद् जोखिम नक्साङ्कन, विपद व्यवस्थापन एवम् खोज तथा उद्धारका लगि स्थानीय विपद् तथा जलवायू उथ्थानशील योजना, आपतकालीन कार्य सञ्चालन केन्द्रको क्षमता विकास, जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन, राहत वितरण, पुनर्स्थापना जस्ता कार्यहरु गर्न एकमुष्ठ रु ५० लाख बजेट विनियोजन गरिएको छ।

४८. महानगरपालिकाको विपद तथा प्रकोप व्यवस्थापन कोषमा रु १ करोड बजेट विनियोजन गरिएको छ।

*राजस्व प्रशासन संचालनतर्फ*

४९. असल करदाता स्टिकर वितरण, असल करदाता सम्मान, भरतपुर महानगरपालिका क्षेत्र भित्रका सबै करदाताको एकीकृत तथ्याङ्क संकलन गरी डाटा बैंक  तयार गर्ने, करदातालाई कर शिक्षा प्रदान, महानगरपालिकाको आन्तरिक राजस्वलाई डिजिटल प्रणालीमा आबद्ध गर्ने  लगायतका नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि रु ३० लाख बजेट विनियोजन गरिएको छ।

*कर्मचारी प्रशासन, जनशक्ति विकास तथा सुशासनतर्फ*

५०. जोखिमयुक्त कार्य गर्ने कर्मचारीको स्वास्थ्य बीमा लाइ निरन्तरता, जनप्रतिनिधि र कर्मचारीहरूको लागि आवश्यकताका आधारमा क्षमता विकास तथा पुनर्ताजगी तालिम संचालन, सार्वजनिक सुनुवाइ र सामाजिक लेखापरीक्षण तथा सेवाग्राहीको सन्तुष्टी मापन कार्यक्रम सञ्चालनमा ल्याउने लगायतका कार्यक्रम कार्यान्वयन गर्नको लागि रु ३० लाख बजेट व्यवस्थापन गरिएको छ।

*निजी क्षेत्र तथा विकास सहयात्रीसँग सहकार्यतर्फ*

५१. निजी क्षेत्र सँग सहकार्य तथा साझेदारीबाट सञ्चालन हुने कार्यका लागि एकमुष्ठ रु ३० लाख बजेट विनियोजन गरिएको छ।

*सेवा प्रवाहतर्फ*

५२. कर्मचारीको क्षमता अभिबृद्धि गर्ने, विगत नवौं नगरसभाबाट कर्मचारी प्रोत्साहन सुविधालाई यथावत राखिनुका साथै महानगरपालिकाको समग्र प्रशासनिक कार्यको लागि एकमुष्ठ रु ७८ करोड बजेट विनियोजन गरिएको छ।

५३. मागमा आधारित लक्षित वर्ग कार्यक्रम तथा सामाजिक उत्थान क्षेत्रको समग्र नीति कार्यान्वयन गर्नको लागि रु ५० लाख बजेट विनियोजन गरिएको छ।

५४. संघीय तथा बागमती प्रदेश सरकाबाट प्राप्त सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान, सडक बोर्ड नेपालबाट प्राप्त बजेट तोकिएकै शिर्षकमा खर्च तथा लेखाङ्कनको व्यवस्था गरिने छ।

५५. महानगरपालिकाले देशभित्र भगिनी सम्बन्ध कायम गरेका स्थानीय तहसँग शिक्षा, स्वास्थ्य तथा पर्यटन क्षेत्रको ज्ञान, सीप तथा अनुभव आदान प्रदान गर्ने कार्यको लागि पालिका साझेदारी कार्यक्रम संचालन गरिनेछ जसको लागि रु ७० लाख बजेट विनियोजन गरिएको छ।

५६. निर्माणाधिन गौतमबुद्ध अन्तराष्ट्रिय क्रिकेट रगंशाला रहेको जग्गाको लीज रकम भुक्तानीको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

५७. महानगरपालिकाको प्रशासनिक भवन निर्माण साथै ईन्टेरियरसमेतको काम लागि रु ४ करोड बजेट व्यवस्थापन गरिएको छ।

५८. सिटी हल, शवदाह गृह, देवघाट बसपार्क, गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला सञ्चालन तथा व्यवस्थापन कार्यविधि तयार गर्न रु. १० लाख बजेट विनियोजन गरिएको छ।

अन्तमा,

प्रस्तुत बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुर्याउनु हुने नगर प्रमुखज्यू, कार्यपालिका सदस्यज्यू, नगरसभा सदस्यज्यू, विज्ञ महानुभाव, राजनीतिकदलका प्रतिनिधि एवं राजनीतिज्ञ, सञ्चारजगत्, नागरिक समाज, निजी क्षेत्र एवं विकास सहयात्री लगायत सम्पूर्ण नगरबासी दाजुभाई तथा दिदीबहिनी तथा अहोरात्र खटिने महानगरपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरूलाई हार्दिक धन्यवाद् ज्ञापन गर्दछु। साथै आय र क्षेत्रगत व्यय समेटिएको रातो पुस्तिका शीघ्र सार्वजनिक गरिने व्यहोरा यस सम्मानित नगरसभा समक्ष जानकारी गराउँछु।

धन्यवाद ।

**चित्रसेन अधिकारी**

उपप्रमुख

भरतपुर महानगरपालिका भरतपुर, चितवन

**मिति २०८२ असार ८ गते आइतबार।**